## १. क्याम्पसको परिचय

भोजपुर बहुमुखी क्याम्पस, भोजपुर त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा भोजपुर जिल्लामा रहेको उच्च शिक्षा प्रदान गर्ने एक मात्र सरकारी शिक्षण संस्था हो । नेपालको संघीय संरचना अन्तरगत प्रदेश नं १ मा पर्ने भोजपुर जिल्ला समुन्द्र सतहदेखि न्यूनतम् १५३ मिटरदेखि अधिकतम् ४१५३ मि.सम्मको उचाइमा रहेको छ । साथै २६° ५३' उत्तरदेखि २७° ४६' उत्तरी अक्षाँश र ८६° ५३' पूर्वदेखि ८७° १७' पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ ।

यस जिल्लाको उत्तरमा संखुवासभा जिल्ला, पूर्वमा धनकुटा जिल्ला, पश्चिममा खोटाङ जिल्ला र दक्षिणमा उदयपुर जिल्ला सिमानाको रुपमा रहेको छ । यस जिल्लामा उच्च शिक्षा प्रदान गर्ने उद्देश्यबमोजिम वि.स. २०२२ सालमा स्थापित भोजपुर बहुमुखी क्याम्पस त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस हो । यो क्याम्पस भोजपुर जिल्लाको भोजपुर नगरपालिका वडा नं.-७ मा अवस्थित छ । स्थापना कालमा निजी स्तरमा संचालित प्रमाणपत्र तहमा मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तरगत राजनीतिशास्त्र, इतिहास र अर्थशास्त्र विषय पढाइ हुने गरेको थियो । वि. सं.२०३० सालदेखि यस क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयबाट आङ्गिक क्याम्पसको स्वीकृति प्राप्त भई राजनीतिशास्त्र, इतिहास, अर्थशास्त्र, नेपाली, भूगोल र अंग्रेजी विषयहरु पठनपाठन हुँदै आएको छ । मानविकी सङ्काय र व्यवस्थापन सङ्कायमा स्नातक तहसम्म शैक्षिक कार्यक्रम सञ्चालनमा रहेका छन् । त्यस्तै शिक्षाशास्त्र सङ्काय अन्तरगत स्नातक तह र स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम हाल सञ्चालनमा रहेका छन् । जसमा शिक्षाशास्त्रतर्फ स्नातक तह अन्तरगत नेपाली शिक्षा, अंग्रेजी शिक्षा, जनसंख्या शिक्षा, गणित शिक्षा र अर्थशास्त्र शिक्षा विषयहरु पठनपाठन हुनुका साथै स्नातकोत्तर तहमा शैक्षिक योजना तथा व्यवस्थापन र नेपाली शिक्षा विषयको पठनपाठन संचालन भइरहेको छ । यस्तै व्यवस्थापन सङ्कायअन्तरगत बजारशास्त्र र वित्तशास्त्र लगायत अनिवार्य विषयहरु पठनपाठन हुने गरेका छन् ।

## २. व्यवस्थापन सङ्काय किन अध्ययन गर्ने ?

यो सङ्कायमा अध्ययन गर्ने विद्यार्थीहरुलाई बैंक एवं वित्तीय क्षेत्रमा दक्ष जनशक्तिको रुपमा लिने गरिन्छ । स्थानीय स्तरसम्म खुलेका संघ संगठन, समूह, सहकारी संस्था, वित्तीय कारोबार गर्ने संघसंस्था, लघुवित्त कार्यक्रम, विकास बैंक, सरकारी बैंक, नीजि बैंक लगायतमा योग्यता र क्षमता अनुसारको अवसर प्राप्त गर्न यो सङ्काय अध्ययन गरेका विद्यार्थीहरुलाई मौका मिल्नेछ । यसैगरी प्रहरी, सेना, सशस्त्र प्रहरी, विभिन्न संस्थानहरु, संघ संस्थाहरु, व्यापार व्यवसाय लगायत क्षेत्रमा पनि यो सङ्कायबाट उत्पादन भएका जनशक्ति अवसर प्राप्त गर्ने क्षमता राख्दछन् । विश्वविद्यालयको प्राध्यापक, वित्तीय संस्थाहरुको सल्लाहकारको रुपमा समेत काम गर्ने अवसर यो सङ्कायमा अध्ययन गर्नेहरुलाई प्राप्त हुनेछ ।

## ३. मानविकी सङ्काय किन अध्ययन गर्ने ?

मानविकी सङ्काय विश्वविद्यालयको सबैभन्दा पुरानो सङ्काय हो । हाल लोक सेवा आयोगले लिने विभिन्न पदहरुमा दोस्रो पत्रको रुपमा यस सङ्कायको भूगोल, अर्थशास्त्र, जनसंख्या, गणित, राजनीतिशास्त्र तथा इतिहास जस्ता विषयहरुबाट प्रश्न सोध्ने गरिन्छ । त्यसैले गर्दा यस सङ्कायमा अध्ययन गर्ने विद्यार्थीहरुले मूलतः लोक सेवा आयोग पास गरी निजामती सेवाको प्रशासन समूहमा रोजगारी प्राप्त गर्ने अवसर प्राप्त गर्न सक्नेछन् । निजामती क्षेत्रका साथै प्रहरी, सेना, सशस्त्र प्रहरी, विभिन्न संस्थानहरु, संघ संस्थाहरुमा पनि यो सङ्कायबाट उत्पादन भएका जनशक्तिले अवसर प्राप्त गर्ने क्षमता राख्दछन् । विश्वविद्यालयका प्राध्यापक, राजनीतिक विचारक, भूगोलविद्, इतिहासविद्, साहित्यकार, समालोचक आदि हुने अवसर पनि यो सङ्काय अध्ययन गर्ने विद्यार्थीहरुलाई प्राप्त हुनेछ ।

## ४. शिक्षाशास्त्र सङ्काय किन अध्ययन गर्ने ?

यो सङ्काय अध्ययन गर्ने विद्यार्थीहरु मूलतः शिक्षण पेशामा दक्ष जनशक्ति मानिन्छन् । शिक्षण पेशामा मुख्य रोजगारीको अवसर प्राप्त हुन सक्दछ । शिक्षण पेशाको साथै लोकसेवा आयोगले लिने परीक्षामा शिक्षा सेवा समूहका विद्यालय निरीक्षक, प्राविधिक सहायक जस्ता पदहरुमा प्रतिस्पर्धा गर्न शैक्षिक योग्यता आर्जन गरी रोजगारीको अवसर प्राप्त हुन सक्दछ । निजामती क्षेत्रको शिक्षा समूहका अतिरिक्त प्रहरी, सेना, सशस्त्र प्रहरी, विभिन्न संस्थानहरु, संघ संस्थाहरुमा पनि यो सङ्कायबाट उत्पादन भएका जनशक्तिले रोजगारीको अवसर प्राप्त गर्ने क्षमता राख्दछन् । विश्वविद्यालयका प्राध्यापक, राजनीतिक विचारक, भूगोलविद्, इतिहासविद्, साहित्यकार, समालोचक, शिक्षाविद् आदि हुने अवसर पनि यो सङ्कायमा अध्ययन गर्ने विद्यार्थीहरुले प्राप्त गर्न सक्नेछन् ।

## ५. क्याम्पसमा हाल कार्यरत पदाधिकारीहरू

क्याम्पस प्रमुख : डा. रोहितकुमार श्रेष्ठ, उपप्राध्यापक
कार्यक्रम संयोजक : अर्जुन तामाङ, उपप्राध्यापक (शिक्षाशास्त्र)
सहायक क्याम्पस प्रमुख : उत्तमसिंह राई, उपप्राध्यापक (मानविकी)
सहायक क्याम्पस प्रमुख : बेनुबहादुर कार्की, शिक्षण सहायक (व्यवस्थापन)
क्याम्पस विद्यार्थी कल्याण प्रमुख : सरणकुमार राई, शिक्षण सहायक

## ६. विभाग र विभागीय प्रमुखहरू

| क्र.सं. | विभाग | विभागीय प्रमुख |
|---|---|---|
| १ | अंग्रेजी तथा राजनीतिशास्त्र | डा. रामदिनेश मिश्रा |
| २ | लेखा तथा वित्तशास्त्र | भुलानाथ राई |
| ४ | जनसंख्या, अर्थशास्त्र तथा शिक्षा | |
| ५ | नेपाली,अंग्रेजी तथा गणित शिक्षा | |
| ६ | नेपाली तथा भूगोल | बाबुराम ओझा |
| ७ | इतिहास तथा अर्थशास्त्र | दिपकप्रसाद सापकोटा |
| ८ | बजारशास्त्र अंग्रेजी तथा अर्थशास्त्र | सुशील लामिछाने |
| ९ | इ.पि.एम. तथा नेपाली शिक्षा | |

## ७. विषयगत प्राध्यापकहरूको विवरण

| क्र.सं. | विषय | प्राध्यापक | पद |
|---|---|---|---|
| १ | व्यवस्थापन/ वित्तशास्त्र | डा. रोहितकुमार श्रेष्ठ | उपप्राध्यापक |
| २ | | भुलानाथ राई | उपप्राध्यापक |
| ३ | | छत्रमणि गुरागाईं | उपप्राध्यापक |
| ४ | | रहनसिं राई | उपप्राध्यापक |
| ५ | | पोष्टराज लामिछाने | उपप्राध्यापक |
| ६ | | सन्तोषप्रसाद कोइराला | शिक्षण सहायक |
| ७ | | चन्दन कटवाल | आंशिक शिक्षक |
| ८ | | लकेस राई | आंशिक शिक्षक |
| ९ | नेपाली | बाबुराम ओझा | उपप्राध्यापक |
| १० | | खगेश्वर भट्टराई | उपप्राध्यापक |
| ११ | | अनिल अधिकारी | उपप्राध्यापक |
| १२ | | ईश्वरा पौडेल | उपप्राध्यापक |
| १३ | | बेनुबहादुर कार्की | शिक्षण सहायक |
| १४ | अंग्रेजी | डा. रामदिनेश मिश्रा | उपप्राध्यापक |
| १५ | | डा. रविन्द्रकुमार सिंह | उपप्राध्यापक |
| १६ | | प्रकाश राई | उपप्राध्यापक |
| १७ | | खगेन्द्र राई | उपप्राध्यापक |
| १८ | | रिन्जु शेर्पा | उपप्राध्यापक |
| १९ | | सुशील लामिछाने | शिक्षण सहायक |
| २० | अंग्रेजी शिक्षा | उत्तमसिं राई | उपप्राध्यापक |
| २१ | राजनीतिशास्त्र | निमा शेर्पा | उपप्राध्यापक |
| २२ | | शालिकराम ढकाल | शिक्षण सहायक |
| २३ | | शक्तिराज राई | आंशिक शिक्षक |
| २४ | अर्थशास्त्र | दिपकप्रसाद सापकोटा | उपप्राध्यापक |
| २५ | | अच्युत खत्री | शिक्षण सहायक |
| २६ | | सम्झना प्रधान | आंशिक शिक्षक |
| २७ | | पदमबहादुर कार्की | आंशिक शिक्षक |
| २८ | अर्थशास्त्र शिक्षा | टेकीमाया जोगी | आंशिक शिक्षक |
| २९ | इतिहास | कमलजंग राई | उपप्राध्यापक |
| ३० | | इन्द्रदेव राई | उपप्राध्यापक |
| ३१ | | नीलमणि भट्टराई | शिक्षण सहायक |
| ३२ | भूगोल | भूमिकुमार नेपाल | उपप्राध्यापक |
| ३३ | | झनकबहादुर गुरुङ | उपप्राध्यापक |
| ३४ | | सरणकुमार राई | शिक्षण सहायक |
| ३५ | जनसंख्या शिक्षा | अर्जुन तामाङ | उपप्राध्यापक |
| ३६ | | पुष्पलाल अधिकारी | शिक्षण सहायक |
| ३७ | गणित | रतनलाल चौधरी | शिक्षण सहायक |
| ३८ | गणित शिक्षा | भीमराज खत्री | आंशिक शिक्षक |
| ३९ | शिक्षाको आधार | इन्द्रराज राउत | शिक्षण सहायक |

## ८. प्रशासनिक कर्मचारीहरूको विवरण

| क्र.स. | कर्मचारी नाम | पद | श्रेणी/तह |
|---|---|---|---|
| १ | नोदनाथ त्रिताल | शाखा अधिकृत | रा.प. तृतीय |
| २ | भीमप्रसाद राई | मुख्य कार्यालय सहायक | रा.प.अ.प्रथम |
| ३ | विष्णुकुमारी राई | मुख्य कार्यालय सहायक | रा.प.अ.प्रथम |
| ४ | विष्णुकुमार मिजार | मुख्य कार्यालय सहायक | रा.प.अ.प्रथम |
| ५ | दाकिमा शेर्पा | कार्यालय सहायक | रा.प.अ.द्वितीय |
| ६ | मुमिहाङ्ग राई | कार्यालय सहायक | रा.प.अ.द्वितीय |
| ७ | कुविर राई | कार्यालय सहायक | रा.प.अ.द्वितीय |
| ८ | ममिना थापा | कार्यालय सहायक | रा.प.अ.द्वितीय |
| ९ | श्रृजु श्रेष्ठ | कार्यालय सहायक | रा.प.अ.द्वितीय |
| १० | मञ्जु भट्टराई | कार्यालय सहायक | रा.प.अ.द्वितीय |
| ११ | कुमार ब. तामाङ्ग | कार्यालय सहयोगी | श्रेणीविहीन |
| १२ | कुल ब.बुढाथोकी | कार्यालय सहयोगी | श्रेणीविहीन |
| १३ | मनकुमारी बि.क. | कार्यालय सहयोगी | श्रेणीविहीन |
| १४ | रत्न ब.तामाङ्ग | कार्यालय सहयोगी | श्रेणीविहीन |
| १५ | सृष्टि भण्डारी | कार्यालय सहयोगी | श्रेणीविहीन |
| १६ | बुद्धराज राई | कार्यालय सहयोगी | श्रेणीविहीन |
| १७ | लक्ष्मी बि.क. | कार्यालय सहयोगी | श्रेणीविहीन |

## ९. प्रशासनिक शाखा र प्रवाह गरिने सेवाहरू

यस क्याम्पसमा निम्न अनुसार शाखाहरु रहेको र निम्न कर्मचारीहरुद्वारा शाखाहरु सञ्चालनमा रहेका छन् :

| क्र.स. | शाखा | कर्मचारी नाम | प्रवाह गरिने सेवा |
|---|---|---|---|
| १. | प्रशासन | नोदनाथ त्रिताल<br>भीमप्रसाद राई<br>दाकिमा शेर्पा | दैनिक प्रशासनिक कार्य<br>शिक्षक कर्मचारी हाजिरी अभिलेख |
| २. | परीक्षा शाखा | विष्णुकुमारी राई<br>श्रृजु श्रेष्ठ | परीक्षा सञ्चालन, रजिष्ट्रेशन फारमसम्बन्धी कार्य, परीक्षा फारमसम्बन्धी कार्य, मार्कसिट, चारित्रिक प्रमाण पत्रहरु वितरण |
| ३. | पुस्तकालय शाखा | मञ्जु भट्टराई<br>मुमिहाङ्ग राई | पुस्तकहरु अभिलेखीकरण, पुस्तक वितरण तथा संकलन, फोटोकपी सेवा |
| ४. | लेखा शाखा | नोदनाथ त्रिताल<br>विष्णुकुमार मिजार<br>कुविर राई | दैनिक आर्थिक कारोबार सञ्चालन<br>आम्दानी संकलन<br>खर्च अभिलेखीकरण<br>छात्रवृत्ति वितरण |
| ५. | स्टोर शाखा | ममिना थापा | भौतिक सम्पतिको अद्यावधिक, सामान माग फारम, खरिद आदेश र भुक्तानीको लागि सिफारिस,जिन्सी सामान (सञ्चालन र पूँजीगत) खरिद, आपूर्ति र अभिलेख |
| ६. | सूचना शाखा | नोदनाथ त्रिताल | सूचना मागको निवेदन दर्ता,सूचना प्रवाह<br>सूचना अध्यावधिक गर्ने गराउने<br>स्वतः सार्वजनिकीकरण गर्ने<br>वेवसाइट र सामाजिक सञ्जालहरु सञ्चालन, अद्यावधिक गर्ने |

## १०. त्रिवि प्राध्यापक संघ, भोजपुर बहुमुखी क्याम्पस, भोजपुर

त्रिवि प्राध्यापक संघ, भोजपुरको हाल क्रियाशील कार्य समिति निम्नअनुसारको रहेको छ :

| क्र.स. | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| १ | सभापति | रिन्जु शेर्पा | |
| २ | उपसभापति | पोष्टराज लामिछाने | |
| ३ | सचिव | इन्द्रराज राउत | |
| ४ | सह-सचिव | दावा शेर्पा | |
| ५ | कोषाध्यक्ष | दिपकप्रसाद सापकोटा | |
| ६ | सदस्य | पुष्पलाल अधिकारी | |
| ७ | सदस्य | सरणकुमार राई | |

## ११. त्रिवि कर्मचारी संघ, भोजपुर बहुमुखी क्याम्पस, भोजपुर

त्रिवि कर्मचारी संघ, भोजपुरको हाल क्रियाशील कार्य समिति निम्नअनुसारको रहेको छ :

| क्र.स. | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| १ | सभापति | भीमप्रसाद राई | |
| २ | सचिव | ममिना थापा | |
| ३ | कोषाध्यक्ष | मन्जु भट्टराई | |
| ४ | सदस्य | मनकुमारी बि.क. | |
| ५ | सदस्य | सृष्टि भण्डारी | |

## १२. क्याम्पस विद्यार्थी कल्याण समिति, भोजपुर

| क्र.स. | पद | नाम थर | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | डा. रोहितकुमार श्रेष्ठ | क्याम्पस प्रमुख | पदेन |
| २ | सदस्य | | प्राध्यापक प्रतिनिधि | मनोनित हुन बाँकी |
| ३ | सदस्य | | प्राध्यापक प्रतिनिधि | मनोनित हुन बाँकी |
| ४ | सदस्य | | प्राध्यापक प्रतिनिधि | मनोनित हुन बाँकी |
| ५ | सदस्य | श्री रिन्जु शेर्पा | त्रिवि प्राध्यापक संघ सभापति | पदेन |
| ६ | सदस्य | श्री भीमप्रसाद राई | त्रिवि कर्मचारी संघ सभापति | पदेन |
| ७ | सदस्य | श्री प्रकाशसिं राई | स्ववियु अध्यक्ष | पदेन |
| ८ | सदस्य | | विद्यार्थी प्रतिनिधि | मनोनित हुन बाँकी |
| ९ | सदस्य सचिव | श्री सरणकुमार राई | विद्यार्थी कल्याण प्रमुख | पदेन |

**१३. स्वतन्त्र विद्यार्थी युनियन**

भोजपुर बहुमुखी क्याम्पसमा मिति २०७३ फागुन १८ गते सम्पन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनबाट निर्वाचित निम्नानुसारको कार्य समिति हाल क्रियाशील रहेको छ :

| क्र.स. | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष | प्रकाशसिं राई | |
| २ | उपाध्यक्ष | लक्ष्मण चौहान | |
| ३ | सचिव | अनोज कार्की | |
| ४ | सह-सचिव | लक्ष्मी राई | |
| ५ | कोषाध्यक्ष | नमुना घिमिरे | |
| ६ | सदस्य | देवेन्द्र भुजेल | |
| ७ | सदस्य | कौशिला शिवा | |
| ८ | सदस्य | निशा तामाङ | |
| ९ | सदस्य | विकास तामाङ | |
| १० | सदस्य | संगीता थापा | |
| ११ | सदस्य | मन्दिरा श्रेष्ठ | |
| १२ | सदस्य | सुशील कार्की | |
| १३ | सदस्य | कमल बस्नेत | |
| १४ | सदस्य | सञ्जय श्रेष्ठ | |
| १५ | सदस्य | सम्राट राई | |

**१४. शैक्षिक सत्र २०७३–०७४ को विद्यार्थी संख्या**

| सङ्काय | तह | वर्ष | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| शिक्षाशास्त्र | एम. एड. | प्रथम | ७ | |
| | | दोस्रो | ६ | |
| | | **जम्मा :** | **१३** | |
| | बी.एड. | प्रथम | ८५ | |
| | | दोस्रो | ५४ | |
| | | तेस्रो | ९९ | |
| | | चौथो | १०७ | |
| | | **जम्मा :** | **३४५** | |
| व्यवस्थापन | बी.बी.एस. | प्रथम | ५६ | |
| | | दोस्रो | ५७ | |
| | | तेस्रो | ४९ | |
| | | चौथो | ३९ | |
| | | **जम्मा :** | **२०१** | |
| मानविकी | बी.ए. | प्रथम | ५६ | |
| | | दोस्रो | १४ | |
| | | तेस्रो | १४ | |
| | | **जम्मा :** | **८४** | |
| | | **कुल :** | **६४३** | |

**१५. छात्रवृत्तिसम्बन्धी व्यवस्था र छात्रवृत्ति कोषहरूको विवरण**

त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस भएकाले त्रिविको नियमित शैक्षिक कार्यक्रमहरु व्यवस्थापन सङ्काय र मानविकी सङ्काय तथा सम्बन्धनप्राप्त शैक्षिक कार्यक्रम शिक्षाशास्त्र सङ्काय अन्तरगत कुल विद्यार्थी भर्ना संख्याको बीस प्रतिशत विद्यार्थीहरुलाई वार्षिक रुपमा छात्रवृत्ति वितरण गर्ने व्यवस्था गरिएको छ । उक्त छात्रवृत्ति वितरणका लागि अघिल्लो तहको शैक्षिक उपलब्धि, गरिब तथा जेहन्दार, क्याम्पस आउन लाग्ने भौगोलिक दूरी, समावेशीता आदि मापदण्ड तय गरी तोकिएको समयमा निवेदन दिने विद्यार्थीहरुमध्येबाट छनौट गरी छात्रवृत्ति प्रदान गरिनेछ । यसैगरी क्याम्पससँग सम्झौता गरी विभिन्न समयमा समाजसेवी, बुद्धिजीवि महानुभावहरुले छात्रवृत्ति प्रदान गर्ने प्रयोजनका लागि छात्रवृत्ति अक्षय कोषहरु स्थापना गरिदिनुभएको छ । ती अक्षय कोषहरुबाट निम्नअनुसार छात्रवृत्ति वितरण गर्ने गरिएको छ :

**१५.१. जगतराम राई छात्रवृत्ति अक्षय कोष २०५४**

यो जगतराम राई छात्रवृत्ति अक्षय कोष बृटिस वेल्फेयर सेन्टर, भोजपुरका तत्कालीन प्रमुख क्याप्टेन जगतराम राईले आफ्नै नामबाट वि.सं. २०५४ सालमा स्थापना गर्नुभएको हो । यस अक्षय कोषमा क्याप्टेन राईले रु. २०,०००/- (अक्षरेपी बीस हजार मात्र) राष्ट्रिय वाणिज्य बैंक, भोजपुर शाखामा रहेको क्याम्पसको खातामा नगद राखिदिनुभएको छ । बैंकबाट प्राप्त हुने ब्याजबाट क्याम्पसमा मानविकी सङ्काय र व्यवस्थापन सङ्काय अन्तरगत सम्पूर्ण तहका वार्षिक परीक्षामा सर्वोत्कृष्ट प्रतिशत अंक हासिल गरी उत्तीर्ण हुने एक/एक जना विद्यार्थीलाई बराबरी छात्रवृत्ति प्रदान गरिनेछ ।

**१५.२. चन्द्र–खड्ग–गंगा महिला छात्रवृत्ति अक्षय कोष २०५५**

यो छात्रवृत्ति कोषको संस्थापक श्रीमती निलम बस्नेत हुनुहुन्छ । उहाँले वि.सं. २०५५ सालमा ५१,१५१/- (अक्षरेपी एकाउन्न हजार एक सय एकाउन्न रुपैया) को अक्षय कोष स्थापना गरिदिनुभएको हो । कोषको नाम चन्द्र-खड्ग-गंगा महिला छात्रवृत्ति अक्षय कोष २०५५ रहेको छ । उहाँले राष्ट्रिय वाणिज्य बैंक, भोजपुर शाखामा रहेको क्याम्पसको खातामा नगद राखिदिनुभएको छ । कोषको ब्याज रकमबाट मानविकी र व्यवस्थापन सङ्कायहरु अन्तरगत सम्पूर्ण तहको वार्षिक परीक्षामा सर्वोत्कृष्ट प्रतिशत अंक प्राप्त गरी तह पार गर्ने छात्रा एक/एक जनालाई बराबरी छात्रवृत्ति प्रदान गरिनेछ ।

**१५.३. मधुहर्क छात्रवृत्ति अक्षय कोष २०५७**

यो मधुहर्क छात्रवृत्ति अक्षय कोष वि.सं. २०५७ सालमा श्री हर्कबहादुर कार्की र श्रीमती मधु कार्कीले स्थापना गरिदिनुभएको हो । यस कोषको राशी रु. १५,०००/- (अक्षरेपी पन्ध्र हजार मात्र) रहेको छ । यो कोषको ब्याजबाट प्राप्त रकम व्यवस्थापन सङ्काय अन्तरगत स्नातक तहमा सर्वोत्कृष्ट अंक हासिल गरी उत्तीर्ण हुने एक जना छात्र वा छात्रालाई प्रदान गरिनेछ ।

**१५.४. सुमित्रा–ज्ञान स्मृति अक्षय कोष २०६४**

यो अक्षय कोष बोया गाविस-९, भोजपुर (हाल : षडानन्द नगरपालिका) निवासी स्व. सुमित्रादेवी श्रेष्ठ र स्व. ज्ञानबहादुर श्रेष्ठका ६ जना छोरा र २ जना छोरीहरुले संयुक्त रुपमा आफ्ना स्वर्गीय मातापिताको नामबाट वि.सं. २०६१ सालमा स्थापना गरिदिनुभएको हो । यो कोषको नियमावली र विधान समेत बनाई बि.सं. २०६४ सालदेखि यसको सञ्चालन भएको हो । यसको राशी रु. १,०१,१११/- (अक्षरेपी एक लाख एक हजार एक सय एघार रुपैया) रहेको छ । यस कोषको ब्याजबाट प्राप्त रकमले मानविकी सङ्काय र व्यवस्थापन सङ्कायमा सर्वाधिक प्रतिशत अंक ल्याएर उत्तीर्ण हुने एक/एक जना छात्रछात्रालाई बराबरी छात्रवृत्ति प्रदान गरिनेछ ।

**१५.५. बालकुमार राई छात्रवृत्ति अक्षय कोष २०६३**

भोजपुर जिल्ला छिनामखु गाविस वडा नं. २ (हाल : ट्याम्केमैयुङ्ग गाउँपालिका वडा नं.-६) स्थायी घर भई हाल सुनसरी जिल्ला धरान उपमहानगरपालिका बस्दै आउनुभएका शिक्षाप्रेमी श्री बालकुमार राईले आफ्नै नामबाट वि.सं. २०६३ सालमा स्थापना गरिदिनुभएको हो । यो कोषको राशी रु ५०,०००/- (अक्षरेपी पचास हजार मात्र) रहेको छ । यो कोषको ब्याजबाट प्राप्त रकम शिक्षाशास्त्र सङ्काय अन्तरगत सर्वोत्कृष्ट अंक हासिल गरी तह पार गर्ने एक जना विद्यार्थीलाई प्रदान गरिनेछ ।

**१५.६. शिव–राधा विवाह स्मृति कोष २०६५**

भोजपुर जिल्ला टक्सार गाविस वडा नं.-९ (हाल भोजपुर नगरपालिका वडा नं.-१२) निवासी श्री शिवकुमार श्रेष्ठ र जिल्ला सुनसरी बराहक्षेत्र गाविस वडा नं.-४ निवासी श्री राधा श्रेष्ठको मिति २०६५ फागुन ४ गते सम्पन्न शुभ विवाहको सम्झनामा शिव-राधा स्मृति अक्षयकोष स्थापना गरिएको हो । यस स्मृति अक्षय कोषको राशी रु. १,००,०००/- (अक्षरेपी एक लाख) रहेको छ । यो रकम क्याम्पसको खातामा रहेको छैन । अक्षय कोष स्थापना गर्ने शिवकुमार श्रेष्ठमार्फत् हरेक वर्ष ब्याज रकम मात्र क्याम्पसलाई पठाई दिने भनी काठमाडौमा नै यो कोषको रकम राखिएको छ । यो कोषको ब्याज रकम प्राप्त भएपछि प्रत्येक वर्ष क्याम्पसको वार्षिकोत्सवको अवसर पारेर स्नातक तहका सबै सङ्कायहरुमध्येमा सर्बोत्कृष्ट अंक प्राप्त गर्ने एक जना विद्यार्थीलाई छात्रवृत्ति दिइने व्यवस्था छ ।

**१५.७. कृपा मानविकी अक्षय कोष २०७२**

यो अक्षयकोष क्याम्पसको स्वर्ण महोत्सवको अवसरमा कृपासुर शेर्पाले स्थापना गरिदिनुभएको हो । यसको राशी १,००,०००/- (अक्षरेपी एक लाख रुपैया) रहेको छ । यो रकम लक्ष्मी बैंकमा मुद्धति खातामा राखिएको छ । यसको ब्याज रकमबाट हरेक वर्ष मानविकी सङ्कायमा सर्बोत्कृष्ट अंक ल्याउने एक जना छात्र/छात्रालाई शैक्षिक सत्रको अन्त्यमा छात्रवृत्ति प्रदान गरिनेछ ।

**१५.८. केदारनाथ लिला श्रेष्ठ अक्षय कोष २०७२**

यो अक्षय कोष केदारनाथ श्रेष्ठ र लिला श्रेष्ठको नाममा स्थापना गरिएको अक्षय कोष हो । यो कोष क्याम्पसको स्वर्ण महोत्सवको अवसरमा स्थापना गरिएको हो । यसको राशी १,००,०००/- (अक्षरेपी एक लाख रुपैया) रहेको छ । यस कोषको ब्याज रकममध्ये ९० प्रतिशत रकम छात्रवृत्ति दिइने र १० प्रतिशत रकम मूल कोषमा थप गर्ने सम्झौता भएको छ । कोषबाट यस क्याम्पसमा सबै सङ्कायहरुबाट सबै तहको परीक्षा उत्तीर्ण गरी क्याम्पस प्रथम हुने छात्र/छात्रालाई क्याम्पसको वार्षिकोत्सवको अवसरमा छात्रवृत्ति प्रदान गरिनेछ ।

**१५.९. मदन स्मृति अक्षय कोष २०७२**

यो अक्षय कोषको स्थापना स्व. मदन अधिकारीको नाममा उनका छोरा रविन्द्र अधिकारी लगायत छोराछोरीहरु मिलेर क्याम्पसको स्वर्ण महोत्सवको अवसरमा गर्नुभएको हो । यसको राशी १,००,०००/- (अक्षरेपी एक लाख रुपैया) रहेको छ । यस कोषबाट सम्पूर्ण सङ्कायहरुबाट सबैभन्दा बढी अंक ल्याई क्याम्पस प्रथम हुने छात्र/छात्रालाई शैक्षिक सत्रको अन्त्यमा छात्रवृत्ति प्रदान गरिनेछ ।

**१५.१०. इन्द्रप्रसाद श्रेष्ठ छात्रवृत्ति अक्षय कोष २०७२**

यो छात्रवृत्ति कोषको राशी १,१०,०००/- (अक्षरेपी एक लाख दश हजार मात्र) रहेको छ । यो इन्द्रप्रसाद श्रेष्ठले क्याम्पसको स्वर्ण महोत्वसको अवसरमा स्थापना गर्नुभएको हो । यो कोषबाट क्याम्पसका उत्कृष्ट विद्यार्थीहरुमध्येबाट एक जना छात्र/छात्रालाई छात्रवृत्ति प्रदान गरिनेछ ।

**१६. पुरूष छात्रवास : भवन संख्या १**

विद्यार्थी क्षमता : १२ जना

होस्टेल वार्डेन : कमलजंग राई, उपप्राध्यापक

**१७. महिला छात्रावास : भवन संख्या १**

विद्यार्थी क्षमता : ४२ जना

होस्टेल वार्डेन : मन्जु भट्टराई, कार्यालय सहायक

**१८. प्राध्यापक आवास गृह : भवन संख्या ३**

प्राध्यापक क्षमता : ९ परिवार

**१९. कर्मचारी आवास गृह : भवन संख्या १**

कर्मचारी क्षमता : ३ परिवार

**२०. सूचना अधिकारीको विवरण**

नाम : नोदनाथ त्रिताल

पद : सहायक प्रशासक (शाखा अधिकृत)

सम्पर्क : ०२९–४२०१०६

**त्रिभुवन विश्वविद्यालय**

# भोजपुर बहुमखी क्याम्पस

## भोजपुर

# क्याम्पस परिचय पुस्तिका
# २०७४

**सम्पर्क**

भोजपुर बहुमुखी क्याम्पस, भोजपुर

**फोन नं.** : ०२९–४२०२८७, ०२९–४२०१०६, ०२९–४२०२७१

***Email: bhojpurmc@gmail.com***

***Facebook ID/Page: Bhojpur Multiple Campus, Bhojpur***

***Website: www.bhojpurcampus.edu.np***